# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रुकुम(पश्चिम )
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मितिः२०७५/०८/१७

पत्र संख्याः२०७५/०७६(सा.ख.स.व्य.उपशाखा)

चलानी नम्बर ..................

आठविसकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय आठविसकोट, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

**सिलबन्दी दरभाउपत्र रद्द, धरौटी जफत तथा कालोसूचीमा राख्न सिफारिस गरिएको सम्बन्धी सूचना**

(प्रकाशित मिति २०७५।०७।१७)

तपसिलमा उल्लेख भएका बोलपत्रदाता वा निजका प्रतिनिधिहरुले नगरपालिकाबाट मिति २०७५।०८।०१ गते पहिलो पटक निःशुल्क तथा सःशुल्क औषधि खरिद सम्बन्धमा आह्वान गरिएको सिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धी सूचना अनुसार सिलबन्दी दरभाउपत्र पेश गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ बमोजिमको आचरण विपरित विवरणमा उल्लेख भए अनुसारको काम गरेकोले निजहरुलाई ऐनको दफा ६३ अनुसार कम्तिमा १ वर्षको लागि कालो सूचीमा राख्न एवम् निजहरुले सिलबन्दी दरभाउपत्र पेश गर्दा राखेको बोलपत्र जमानत वापतको रकम जफत गरेर बोलपत्र सम्बन्धी सबै प्रक्रिया रद्द गरी पुनः सात दिने अर्को सूचना प्रकाशन गरी खरिद प्रक्रिया अगाडी बढाउने भनि मिति २०७५।०८।१७ गते निर्णय भएकोले सबैको जानकारीको लागि अनुरोध छ । साथै सःशुल्क र निःशुल्क औषधी उपकरण खरिद सम्बन्धी दोस्रो पटक प्रकाशित सूचना र खरिद गर्नुपर्ने औषधीको Technical Specification सहितको विवरण यस नगरपालिकाको आधिकारीक Website www.aathbiskotmun.gov.np मा राखिएको र सोही आधारमा खरिद प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

| क्र.स. | बोलपत्रदाताको विवरण | आचरण विपरित गरेका कार्यहरु | जफत भएको बोलपत्र रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | ह्यात मेडीको डिष्ट्री ब्युटर्स नेपालगन्ज, | खरिद प्रक्रिया सम्बन्धमा चित्तनबुझेमा वा गुनासो भएमा नियमानुसार उजुरी गर्न सकिने कानूनी प्रावधान हुँदाहुँदै समुन्द्र मेडीको फर्मा बुटवल, बोलपत्रदाताले पेश | रु. ६०,०००।-( अक्षरुपी : साठी हजार मात्र ) | |

नि.प्रमुख प्रशासकीय अधिकृत

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम(पश्चिम )
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८

मितिः२०७५/०८/१७

**पत्र संख्याः२०७५/०७६(सा.ख.स.व्य.उपशाखा)**

**चलानी नम्बर** ..................

| | | | | |
|---|---|---|---|---|
| २ | चिराग फार्मेसी पोखरा कास्की | गरेको सिलबन्दी दरभाउपत्र बलपूर्वक नगरपालिकाको दर्ता चलानी तथा सोधपुछ कक्षमा च्याति कानून हातमा लिन खोजेर अभद्र,अमर्यादित, उच्छ्रृङ्खल र अनुशासनहिन कार्य गरेको, प्रतिस्पर्धालाई सिमित गरी बोलपत्र वा प्रस्ताव सम्बन्धी काम कारबाहीमा कुनै किसिमले संलग्न हुने अन्य प्रतिष्पर्धी बोलपत्रदाता वा प्रस्तावदाताको सहभागितामा हस्तक्षेप गर्न खोजेको, मिलेमतोमा बोलपत्र पेश गरेको । | रु. ६०,०००।-( अक्षरुपी : साठी हजार मात्र ) | |
| ३ | एल.बी. मेडिसेल्स प्रा.लि.प्युठान | | रु. ६०,०००।-( अक्षरुपी : साठी हजार मात्र ) | |

नि.प्रमुख प्रशासकीय अधिकृत